# मुगुम कार्मारोङ गाउँसभाको चौंथो गाउँसभा बैठकमा २०७६ साल आषाढ १० गते मंगलबार
## अध्यक्ष श्री छिरिंग क्याप्रे लामाले
## प्रस्तुत गर्नु भएको

मुगुम कार्मारोङ गाउँ कार्यपालिकाको कार्यालय
पुल, मुगु
कर्णाली प्रदेश नेपाल

# आर्थिक वर्ष २०७६/०७७ को
# नीति तथा कार्यक्रम

मुगुम कार्मारोङ गाउँपालिका

पुल, मुगु

२०७६

छिरिङ क्याप्ने लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाउँपालिका, मुगु,

छिरिङ क्यापे लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाउँपालिका मुगु

# मुगुम कार्मारोंग गाउँपालिका को चौथो गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को लागी प्रस्तावित नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्ष ज्यु
गाउँसभाका सदस्य ज्यु हरु
प्रमुख प्रशासकीय अधिकृत ज्यु
र गाउँपालिकामा कार्यरत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी हरु
सर्वप्रथम यस मुगुम कार्मरोङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम चौथो गाउँसभामा पेश गर्न पाउँदा गौरवान्वित छु ।
गाउँपालिकाको समस्टिगत विकास र समुन्नतीको लागि दत्तचित्त भै खटिने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारी हरुलाइ उहाँहरुले यस नीति तथा कार्यक्रम तर्जुमा प्रकृयामा देखाउनु भएको सकृयताको लागि म विषेश आभार ब्यक्त गर्न चाहान्छु । विकासमा सबैको साझा संकल्प र अटुट एकताको लागि म सबै मुगुम कार्मरोङ बासि दाजुभाइ तथा दिदिबैनी हरु प्रति सदा आभारी छु । घरदैलोको सरकारको रुपमा रहेको गाउँपालिका लाइ सधैँ रचानात्मक सुझाव दिने सबै राजनीतिक दल, नागरिक समाज, गैर-सरकारी संघ/संस्थाहरु लाइ पनि बिशेष धन्यवाद दिन चाहन्छु ।गाउँपालिका बासीको समृद्दीलाइ केन्द्रविन्दुमा राखेर बजेट, नीति तथा कार्यक्रमको तर्जुमा सबै वडा अध्यक्ष र सदस्य ज्युहरुको उपस्थिति र तत् वडाका सम्पूर्ण गाउँवासीहरुको सहभागितामा व्यापक छलफल तथा अन्तरकृया मार्फत गरिएको हुँदा यसले सम्पूर्ण गाउँपालिकावासीका आवसश्यकताहरु लाइ सम्बोधन गर्नेछ भन्नेमा विस्वस्त छु । साथै गाउँपालिकाको क्षेत्र भित्र हाल सम्म विकाशको अवस्था, सम्भावना र आर्थिक श्रोत समेतमा खासै परिवर्तन नभएको विषयलाइ महसुस गरि यस गाउँपालिकाले विगत गाउँ सभाबाट अवलम्बन गर्दैआएका नीति तथा कार्यक्रमहरु लाइ समेत आगामी आ.व मा निरन्तरता दिईएको छ। गाउँपालिकाको आगामी आ.व ०७६/०७७ मा अवलम्बन गर्ने नीति तथा कार्यक्रमबाट यस क्षेत्रको पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा आशा लाग्दो परिवर्तन भै जनतामा ब्याप्त रहेको चरम गरिवी न्यूनीकरण हुनेछ भन्ने विश्वास लिएको छु ।

**गाउँसभाका सदस्य ज्यु हरु,**

**अब म आ.व २०७६/७७ को लागि गाउँपालिकाका नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न गईरहेको छु ।**

दिर्घकालिन सोच :- बहुमूल्य जडीबुटी, अर्गानिक खेति, तामाखानी, छायाँक्षेत्र, पर्यटन पूर्वाधार समृद् समुन्नत मुगुम कार्मारोंगका आधार ।
लक्ष्य :- विषम भौगोलिक विकटता होइन बिराट सम्भावना को गाउँपालिका बनाउने ।
उदेश्य :- प्रभावकारी सेवा प्रवाह, आर्थिक र शैक्षिक समुन्नती र स्थानीय सुशासन नै हाम्रो उदेश्य ।

छिरिङ क्यापे लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाँउपालिका, मुगु

छिरिङ क्याप्ने लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाँउपालिका, मुगु

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुलु, मुगु
कर्णाली प्रदेश नेपाल

आगामी आ.ब.०७६।७७ को निति तथा कार्याक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरू :-

- ✓ भौतिक पूर्वाधार विकास
- ✓ विपत् ब्यबस्थापन तथा वाताबरण
- ✓ शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि
- ✓ सामाजिक विकास, युवा तथा खेलकुद
- ✓ सुशासन् तथा सेवा प्रवाह
- ✓ राजस्व तथा वित्तीय ब्यबस्थापन
- ✓ रोजगार श्रृजना

अब म प्राथामिकता प्राप्त क्षेत्रहरूमा अबलम्वन गरीएका मुख्य निति तथा कार्यत्रम स्पस्ट गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार विकास तर्फ**

- ✓ गमगढी नाक्चेलाग्रा राजमार्ग निर्माण अबिलम्ब सुरू गर्न संघिय सरकारसंग माग गरिने छ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र (RMTMP) यातायात गुरू योजना निर्माण गरिने छ ।
- ✓ गाउँपालिकाको श्रोतबाट प्रत्येक वडामा सडक संञ्जाल बिस्तार गरिने छ ।साथै सडक संञ्जाल बिस्तार गर्न कर्णाली प्रदेश सरकार संग समेत बिषेश अनुदान माग गरिने छ ।
- ✓ नेपाल जलबायु परिवर्तन कार्यक्रम संगको सहकार्यमा खानेपानी तथा सिंचाई योजनाहरू संञ्चालन गरिनेछ ।
- ✓ निर्माण सम्पन्न हुन बाँकि वडा कार्यालयहरू सम्पन्न गर्ने ।

**बिपत व्यवस्थापन तथा वाताबरण तर्फ**

- ✓ विभिन्न जोखिमपूर्ण ठाउँहरु मा तटबन्धन निर्माण
- ✓ पहिरोको सम्भावना भएका विभिन्न ठाउँहरुमा बृक्षारोपण
- ✓ आकस्मीक कोषको स्थापना
- ✓ जोखिमपुर्ण क्षेत्रहरुको पहिचान गरि नक्सांङ्कन गर्ने ।

**शिक्षा तर्फ**

- ✓ गाउँपालिका भित्रका बिधालयहरु को गुणस्तरको स्तर-उन्नति को लागि बिषेश पहल गर्ने ।
- ✓ स्थानीय शिक्षा ऐन नियमावाली को तर्जुमा गर्ने ।
- ✓ गा.पा अन्तर्गत वडा नं ६ पुलुमा हाल संचालित आवासीय विधालयको प्रभावकारी सन्चालन र व्यवस्थापनको लागि संघीय र प्रदेश सरकार संगको निरन्तर सहकार्यलाइ विषेश प्राथमिकतामा राख्ने ।
- ✓ गाउँपालिका क्षेत्रभित्रको शैक्षिक तथ्यांकलाइ अध्यावधिक गर्ने ।
- ✓ रास्ट्रिय स्तरमा प्रथामिकता प्राप्त शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन गर्ने ।
- ✓ गरिब तथा जेहन्दार विधार्थी लाइ छात्रवृत्तिको व्यवस्था गर्ने ।
- ✓ गाउँपालिका भित्रका उच्चा शिक्षा हासिल गरेका लोकसेवा आयोगको तैयारी कक्षा संचालनको लागि आवश्यक व्यवस्था गर्ने ।

छिरिङ क्याप्ने लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाँउपालिका, मुगु

छिरिङ क्याप्ने लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाँउपालिका, मुगु

मुगुम कार्मारोङ गाउँपालिका
गाउँ कार्य पालिकाको कार्यालय
पुलु, मुगु
कर्णाली प्रदेश नेपाल

स्वाथ्य तर्फ

- ✓ धुम्ती स्वास्थ्य शिबिर संञ्चालन गर्ने
- ✓ गाउँपालिका भित्रका प्रत्येक वडा स्वास्थ चौकी हरुमा नेपाल सरकार ले सुचिकृत गरेका अत्याबश्यक औषधि हरुको सहज उपलब्धताको सुनिश्चितता गर्ने ।
- ✓ स्वास्थ विमा को लागि अरु सरोकारवाला संघसंस्था हरु संग सहकार्य गरि यसको व्यापक प्रचार प्रसार गर्ने ।
- ✓ यार्सागुम्बा संकलनकर्ता बिमा योजना सुरु गर्ने ।
- ✓ स्वास्थ्य सेवालाइ प्रभाबकारि बनाउन महिला स्वयम-सेबिकाहरूलाइ प्रोत्साहन गरिने छ ।
- ✓ टेली-मेडिसिन सेवा विस्तारको लागि आवश्यक पहल गर्ने ।

सुरक्षा तर्फ

- ✓ प्रहरी चौकी पुलु र सिमा प्रहरी चौकीको स्तरोन्नति गर्न र अन्य स्थानमा प्रहरी चौकी स्थापना गर्न संघीय सरकारसंग पहल गर्ने ।
- ✓ नेपाल र चिनको सिमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालको सिमा सुरक्षा गुल्म स्थापन गर्न आवश्यक पहल गर्ने ।

पर्यटन

- ✓ गाउँपालिकामा अबस्थित प्रशिद्द छायाँनाथ धाम र मुगु गाउँको प्रवर्धन गर्न मुगु-छायाँनाथ महोत्सव संञ्चालन गर्ने ।
- ✓ गाउँपालिका भित्र उपयुक्त ट्रेकिंग मार्ग को पहिचान गर्ने, साथै कर्णालीमा र्‍याप्टिङ कायाकिंग, बन्जीजम्पिंग, रक क्लाम्बिंग जस्ता आधुनिक एड्भेन्चर क्रियाकलाप हरुको व्यापक प्रवर्धनको लागि अरु सरोकारवाला निकाए संग समन्वय गरि पहल गर्ने ।
- ✓ सुविधायुक्त होटेल हरु संचालनको तत्काल सम्भावना नभएकोले, गाउँवासीलाइ होमस्टे सम्बन्धि तालिम दिई व्यक्तिगत र सामुदायीक होमस्टे संचालन को लागि सहयोग गर्ने ।
- ✓ यार्सागुम्बा र यार्सा उत्पादन क्षेत्रलाइ पर्यटन ब्यबसायको रूपमा प्रवर्धन गर्ने ।
- ✓ पर्यटन सुचना केन्द्रको स्थापना गर्ने ।

कृषि तथा पशु

- ✓ ब्याबसाहिक रुपमा चौंरी तथा खच्चड पालनको लागि लक्षित कार्यक्रम हरु को ब्यबस्था ।
- ✓ आरु, चुली, स्याउ खेति लगाएत अन्य सम्भावित ब्यबसाहिक खेति को लागि लक्षित कार्यक्रम हरु को ब्यबस्था ।
- ✓ विभिन्न संघ संस्था हरु संग समन्वय गरि पशु विमा कार्यक्रम लागु गर्न आवश्यक पहल गर्ने
- ✓ ब्यबसाहिक रुपमा उपयुक्त तरकारी तथा अन्य खेतिको लागि अनुदान तथा प्रवर्दन को ब्यबस्था गर्ने ।
- ✓ उन्नत बिऊ बिजन बितरण कार्यक्रम संचालन गर्ने ।
- ✓ रैथाने बालिहरुको संरक्षण गर्न आवश्यक नीतिको तर्जुमा गर्ने ।

छिरिङ क्याप्ने लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाँउपालिका, मुगु

छिरिङ क्याप्ने लामा
अध्यक्ष
मुगुम कार्मारोङ गाँउपालिका, मुगु

## वन वातावरण र जैविक विविधताको संरक्षण

- ✓ लालिगुँरास संरक्षण क्षेत्रको प्रवर्द्धन तथा घोसणा
- ✓ जलवायु अनुकुल कार्यक्रम को संचालन गर्ने
- ✓ दुर्लभ वन्यजन्तुहरुको वासस्थान पहिचान गरि चोरि सिकारी नियन्त्रण गर्ने
- ✓ दुर्लभ जडिबुटी हरुको अवैधानिक ओसार पसार नियन्त्रण गर्ने ।

## रोजगारी सृजना

- ✓ गाउँपालिका अध्यक्ष रोजगार कार्यात्रम तथा प्रधानमन्त्री रोजगार कार्यात्रम प्रभाबकारि रुपमा संञ्चालन गर्ने ।
- ✓ उपाध्यक्ष महिला शसक्तिकरण कार्याक्रम संञ्चालन गर्ने ।
- ✓ ब्यबसायिक शिपमुलक तालिम प्रदान गर्ने ।
- ✓ सरकारि तथा गैरसरकारी निकाय संग समन्वय गरि हाल सम्म तालिम लिन छुट गरिब जेहेन्दार व्यक्तिहरुलाइ तालिम प्रदान गर्ने ।
- ✓ गरिवसंग विश्वेस्वर कार्यक्रम लाइ थप प्रभावकारी बनाइने छ ।

## सामाजिक विकास तर्फ

- ✓ महिला, बालबालिका, अपांग, दलित, र जनजाति तथा सामाजिक र आर्थिक रुपले विपन्न, कमजोर समुदायका लागि जिबनस्तर सुधार सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्ने ।
- ✓ गाउँपालिका भित्रको कला, संस्कृति संरक्षण मा सहयोग गर्ने ।
- ✓ बालमैत्री स्थानिय शासन संचालन सम्बन्धि कार्यक्रम हरु तयार गरि अगाडी बढाइने ।
- ✓ सबै सार्वजनिक संरचना निर्माण गर्दा बाल, अपाङ्ग र बृद्द मैत्री बनाइनु पर्ने नीति लागु गर्न तत्काल पहल गर्ने ।
- ✓ लक्षित वर्गहरु को क्षमता विकाश का लागि शसक्तिकरण र आय-आर्जन संग सम्बन्धित विभिन्न सिपमुलक कार्यक्रम हरु संचालन गर्ने ।

## युवा तथा खेलकुद

- ✓ गाउँपालिका भित्र का सबै युवा जनशक्ति लाइ गाउँमै बसी योगदान गर्नसक्ने वातावरण तयार गर्न विभिन्न रोजगारी मुलक तालिम को पहल गर्ने ।
- ✓ गाउँपालिका अध्यक्ष रनिङ शिल्ड कार्यक्रम अन्तर्गत, क्षेत्रमा विभिन्न युवा/बालबालिका लक्षित कार्यक्रम हरु संचालन गरिने छ ।

## सुशासन तथा सेवा प्रवाह

- ✓ कार्यालय ब्यबस्थापन र सेवा प्रवाहलाइ प्रभावकारी बनाइने छ ।
- ✓ कार्यालय अन्तर्गत आन्तरिक राजस्व बृद्धि एंव प्रशासनिक खर्च लाइ मितव्ययिता बनाउन प्रयास गर्ने ।

छिरिङ क्याप्ने लामा
अध्यक्ष
कार्मारोङ गाँउपालिका, मुगु

- ✓ स्थानीयस्तरमा शान्ति सुरक्षा कायम गर्न एबम सामाजिक बिकृति विसंगति हरुलाइ रोक्न, आवश्यकता अनुसार प्रहरी चौकी पुलु संग समन्वय गरिने छ|
- ✓ गाउँपालिका को डिजिटल नागरिकवडा पत्र यथाशिघ्र तयार गरिनेछ
- ✓ गाउँपालिकाको आय र व्ययलाई अझ पारदर्शी बनाइने छ |
- ✓ गाउँपालिका भित्र संचालित सम्पूर्ण कार्यक्रम हरुको नियमित अनुगमन, समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आदि मार्फत सुशासनमा जोड दिईनेछ |

**भाषा संस्कृति**

- ✓ गुम्बा शिक्षालाइ प्रवर्द्धन गर्न आवश्यक पहल गरिने छ ।
- ✓ स्थानीय भाषा र लिपिको संरक्षण गर्न आवश्यक पहल गरिने छ ।

**राजस्व तथा वित्तीय ब्यबस्था**

- ✓ नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहले लगाउन सक्ने करका अधिकार हरु लाइ प्रयोग गरि गाउँपालिकामा उपयुक्त करका दरहरु निर्धारण गरि लागु गरिनेछन |
- ✓ स्थानीयवासी लाई कर सम्बन्धि विभिन्न चेतनामुलक कार्यक्रम हरु संचालन गरिनेछन |

**सहकारी विकास तर्फ**

- ✓ गाउँपालिका भित्रको सहकारी क्षेत्रलाइ स्तरोन्नति गरिने छ |

**अन्त्यमा,**

यस बजेट तर्जुमा प्रकृयामा आ-आफ्नो भूमिकालाइ सफलतापुर्वक निर्वाहगर्दै, अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरु र जनप्रतिनिधिहरु लाइ म हृदय देखि नै धन्यवाद दिन चाहन्छु साथै निति तथा कार्यक्रम सर्वसम्मत पारित हुनेमा बिवस्त छु । गाउँसभामा पेश हुन गइरहेको अर्थ सम्बन्धि विधेयक र विनियोजन विधेयक को छलफल मा सक्रिय रुपमा सहभागी भै यो गाउँपालिका को समृद्धी र उन्नति मा यहाँहरु सबैको महत्वपूर्ण योगदान रहोस भन्ने कामना ब्यक्त गर्दछु |धन्यबाद ।

छिरिङ क्याप्रे लामा
अध्यक्ष